## लोक सेवा आयोग

## राष्ट्रिय बीमा संस्थान, अधिकृतस्तर, कानून, छैठौं, सहायक व्यवस्थापक (कानून अधिकृत) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।१९

पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : बाणिज्य कानून

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । प्रत्येक खण्डबाट ५/५ प्रश्नको उत्तर दिनुपर्नेछ । |
|---|

### खण्ड "क" ५० अङ्क

१. कम्पनीलाई कानूनी व्यक्ति मानिएको कारण यसमा संगठित व्यक्तित्व (Corporate Personality) हुन्छ भन्ने मान्यता छ । संगठित व्यक्तित्वका विभिन्न आयामहरूको चर्चा गर्दै यस सम्बन्धी सिद्धान्तहरू (Theories of Corporate Personality) को संक्षेपमा चर्चा गर्नुहोस् । १०

२. धितोपत्र बजार भन्नाले के बुझ्नुहुन्छ ? यसलाई प्राथमिक र दोस्रो बजारको रूपमा किन वर्गीकरण गरिएको हो ? धितोपत्र बजारको काम, कर्तव्य र अधिकार सम्बन्धमा विद्यमान ऐनको आधारमा चर्चा गर्दै यस क्षेत्रमा रहेका समस्या र सो को समाधानका उपाय पहिल्याउनुहोस् । १०

३. नेपालमा विवाद समाधानको वैकल्पिक उपायको रूपमा मध्यस्थता (Arbitration) लाई आत्मसात गर्ने कानूनी व्यवस्थामाथि प्रकाश पार्दै मध्यस्थ नियुक्ति, अधिकार क्षेत्रको निर्धारण, मध्यस्थको निर्णय, सुपरीवेक्षण र निर्णयको कार्यान्वयनमा अदालतको के कस्तो भूमिकालाई स्वीकार गरिएको छ ? मध्यस्थता ऐन, २०५५ मा भएको व्यवस्थाको आधारमा छलफल गर्नुहोस् । १०

४. नेपालको सन्दर्भमा विश्व व्यापार संगठन (WTO) को औचित्यताबारे चर्चा गर्नुहोस् । १०

५. Cyber Crime भन्नाले कस्तो कस्तो क्रियाकलापलाई बुझिन्छ ? नेपालमा Cyber Crime बारे भएको कानूनी व्यवस्थाबारे विस्तारमा उल्लेख गर्नुहोस् । १०

६. बीमा व्यवसाय र प्रविधि हस्तान्तरणमा बिदेशी लगानीको औचित्यलाई कसरी लिनुहुन्छ ? बिदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ अनुसार कस्तो कस्तो क्षेत्रमा बैदेशिक लगानी स्वीकार्य हुने उल्लेख छ ? लेख्नुहोस् । १०

क्रमश : —

CamScanner

## खण्ड "ख" ५० अङ्क

७. करारका सामान्य सिद्धान्तहरू के के हुन् ? संयुक्त पूँजी लगानी करार र बहुराष्ट्रिय कम्पनीहरू बीचको करारमा के भिन्नता र समानता हुन्छ ? व्याख्या गर्नुहोस् । १०

८. नेपालको सन्दर्भमा भएका निजीकरणका प्रयासहरूलाई कसरी लिनुहुन्छ ? सीमान्तकृत वर्गको उत्थान र कल्याणकारी राज्यको स्थापनामा निजीकरणको अवधारणालाई कसरी सान्दर्भिक मान्नुहुन्छ ? व्याख्या गर्नुहोस् । १०

९. GATT, GATS र TRIPS को सम्बन्धमा प्रकाश पार्दै यिनीहरूको अन्तर्सम्बन्धबारे प्रकाश पार्नुहोस् । १०

१०. Corporate Social Responsibility भन्नाले के बुझिन्छ ? नेपालमा यसको प्रयोगको प्रभावकारीताको बारेमा उल्लेख गर्नुहोस् । १०

११. "साहूको सभा" भन्नाले के बुझिन्छ ? विद्यमान दामासाही सम्बन्धी ऐनले जाँचबुझ अधिकारी, पुनःसंरचना व्यवस्थापक वा लिक्विडेटरलाई दिइने पारिश्रमिक सम्बन्धमा गरेको व्यवस्थाका सम्बन्धमा टिप्पणी गर्नुहोस् । १०

१२. कानून शास्त्रमा वाणिज्य कानून छुट्टै विधाको रूपमा विकास गरिनुपर्ने कारणहरूका सम्बन्धमा उल्लेख गर्दै र यसका महत्त्वपूर्ण विषयहरूका सम्बन्धमा चर्चा गर्नुहोस् । १०

:: समाप्त ::

CamScanner

लोक सेवा आयोग

## राष्ट्रिय बीमा संस्थान, अधिकृतस्तर, कानून, छैठौं, सहायक व्यवस्थापक (कानून अधिकृत) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४।९।२०

पत्र : द्वितीय
समय : ३ घण्टा                                                    पूर्णाङ्क : १००

### विषय : सम्बन्धित कानूनी व्यवस्था, बीमा र समस्या समाधान

| |
|---|
| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड 'क' मा ७ प्रश्नमध्ये ६ प्रश्नको र खण्ड 'ख' मा ४ प्रश्नमध्ये समस्या समाधान (अनिवार्य) सहित ३ प्रश्नको उत्तर दिनुपर्नेछ । |

### खण्ड "क"                                                    ६० अङ्क

१. नेपालको संविधानले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच शक्ति नियन्त्रण र सन्तुलनको कस्तो व्यवस्था गरेको छ ? व्याख्या गर्नुहोस् । १०

२. नेपालको वर्तमान् संविधानमा लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा के-कस्तो व्यवस्था छ ? ती काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि के-कस्ता चुनौतीहरू रहेको देख्नुहुन्छ ? स्पष्ट पार्नुहोस् । ६+४=१०

३. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले सरकारवादी हुने मुद्दाहरूको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने सम्बन्धमा के-कस्तो कार्यविधि निर्दिष्ट गरेको छ ? सो कार्यविधिमा के-कस्तो सुधार गर्नुपर्ने ठान्नुहुन्छ ? सुझावसमेत पेश गर्नुहोस् । १०

४. नेपालमा विद्यमान् भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारीताको चर्चा गर्दै भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान् प्रणालीमा के-कस्तो सुधार आवश्यक छ ? ठोस् सुझाव पेश गर्नुहोस् । १०

५. लिखित जवाफ लेख्दा विचार पुऱ्याउनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । १०

६. राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्दै उक्त काम, कर्तव्य र अधिकारहरू कार्यान्वयनको समीक्षा गर्नुहोस् । १०

७. संक्षिप्त कार्यविधि र विशेष कार्यविधिमा रहेका फरकहरू औंल्याउँदै यी कार्यविधिहरूमा समय सापेक्ष सुधार गर्न सम्बन्धित ऐनहरूमा के-कस्तो संशोधन गर्न आवश्यक देख्नुहुन्छ ? उल्लेख गर्नुहोस् । १०

क्रमशः –

CamScanner

## खण्ड "ख" ४० अङ्क

८. "बीमा जोखिम स्थानान्तरण (Transfer) प्रक्रिया (Mechanism) हो । यसले बिमितको काबु बाहिरको कुनै घटना/घटनाहरू विशेषले पुर्‍याएको आर्थिक क्षतिको पूर्णरूपमा वा आंशिक रूपमा क्षतिपूर्ति गर्दछ ।" स्पष्ट गर्नुहोस् । १०

९. बीमा क्षेत्रमा देखिएका नयाँ नयाँ चुनौतीहरू के कस्ता रहेका छन् ? तीनको समाधानका उपायहरू के हुन सक्छन् ? लेख्नुहोस् । ५+५=१०

१०. नेपालमा बीमाको विकासक्रमका बारेमा संक्षिप्तमा प्रकाश पार्दै मुलुकको आर्थिक विकासमा बीमा क्षेत्रले पुर्‍याउनसक्ने योगदानबारेमा उल्लेख गर्नुहोस् । ५+५=१०

## समस्या समाधान

११. नेपाली बीमा उद्योगहरूले आफ्नो संकलित रकम दीर्घकालीन रूपमा लगानी गर्न सकिरहेका छैनन् । अधिकांश बीमा कम्पनीले बैंक तथा वित्तीय संस्थामा fixed deposit गरी केही ब्याज मात्र आर्जन गरिरहेका छन् । केही बीमा कम्पनीका सञ्चालक सदस्य नै रकम लगानी गरिएको बैंकमा समेत सञ्चालक रहेको चर्चा पनि यदाकदा सुनिन्छ । यस्ता Related Parties का कारोबार खुलेका भने हुँदैनन् । यस्तो अवस्थामा नेपाली बीमा उद्योगलाई के कस्तो जोखिमको सम्भावना रहन्छ ? प्रमुख समस्या पहिचान गरी समाधानको उपाय र कार्ययोजना पेश गर्नुहोस् । २०

:: समाप्त ::

CamScanner